सिर्जना, विकास र प्रवर्द्धन गर्ने,

३. टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

४. आर्थिक, सामाजिक सवालमा सबै आफनो टोलवासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,

५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,

६. बस्ती टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने,

७. टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रुपमा विकास गरी आफनो टोल बस्तीमा सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने,

८. टोलका सदस्यहरुमा गरिबलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने,

९. टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्ने ।

१०. वातावरणमैत्री तथा बालमैत्री नगर/गाउँ घोषणा गर्ने आवश्यक सहयोग गर्ने ।

११. उत्कृष्ठ काम गर्ने टोल विकास संस्थालाई प्रोत्साहन,पुरस्कार गर्न

१२ हरियाली/पूर्ण सरसफाई युक्त टोल घोषणा गर्न क्रियाशील रहने ।

**३. गठन**

टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ :

१. उपमहानगरपालिका क्षेत्र भित्रका बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोलमा रहेका वजार क्षेत्र भए ५१ र ग्रामीण क्षेत्रमा आबश्यकता अनुसार घरधुरीमा टोल विकास संस्थाको गठन गरिनेछ ।

२. पहिलोपटकका लागि टोल विकास संस्था गठन गर्न व्यापक भेलाबाट टोल विकास संस्थाका कामलाई व्यवस्थित गर्न अध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको ७ देखि ११ सदस्यीय टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा

